# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौमाला,कैलाली

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नं.:

मिति: २०८३/०३/३०

**विषय: कार्यसम्पादन मूल्याङ्कन (का.स.मु.) र सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस गौरीगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूमा कार्यरत सबै स्थायी, अस्थायी, करार तथा ज्यालादारी सेवामा कार्यरत कर्मचारीहरूलाई आर्थिक वर्ष २०८२/०८३ को कार्यसम्पादन मूल्याङ्कन (का.स.मु.) फाराम र आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समयभित्र बुझाउन हुन सूचित गरिन्छ।

निजामती सेवा ऐन/नियम, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानुनी व्यवस्था बमोजिम तोकिएको ढाँचामा का.स.मू. फारामहरुको पूर्ण रूपमा विवरण भरी आगामी **साउन महिनाको ७ गते भित्र** अनिवार्य रूपमा यस कार्यालयको प्रशासन शाखामा दर्ता गराई सक्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। तोकिएको म्यादभित्र का.स.मु. र सम्पत्ति विवरण नबुझाउने कर्मचारीहरूको हकमा प्रचलित कानुन बमोजिम भइजाने ब्यहोरा समेत अवगत गराइन्छ।

**पुनश्च (द्रष्टव्य):**

- का.स.मु. फाराम भर्दा केरमेट नहुने गरी स्पष्ट लेखिएको हुनुपर्नेछ। सुपरिवेक्षक/पुनरावलोकनकर्ताको महल खाली छोड्नुपर्नेछ।
- सम्पत्ति विवरण फाराम खामबन्दी गरी खामको बाहिर आफ्नो नाम, पद, कार्यरत शाखा/कार्यालय र संकेत नम्बर, मोवाइल नं. र इमेल स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।
- म्याद नाघी आएका फारामहरू दर्ता नगरिने र त्यसबाट हुन जाने असरको जिम्मेवार स्वयम् कर्मचारी नै हुनुपर्नेछ।

२०८३.०३.३०

(हरीश पन्त)
उपसचिव

उप सचिव
गौरीगङ्गा नगरपालिका